आज मिति २०८२ साल मंसिर महिनाको १५ गतेका दिन निस्दी गाउँपालिका गाउँ कार्यपलिकाको ९७ औं बैठक गाउँपालिकाको अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा बसी देहाय अनुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिहरु :-

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. सदस्य श्री यम बहादुर राना

४. सदस्य श्री फत्ते सिं दर्लामी

५. सदस्य श्री नविन्द्र थापा सोती

६. सदस्य श्री सन्तविर सुनारी

७. सदस्य श्री दुर्गा बहादुर सोमै

८. सदस्य श्री मेख बहादुर सुनारी

९. सदस्य श्री मुक्त बहादुर पाटा

१०. सदस्य श्री हेम कुमारी सुनारी

११. सदस्य श्री देवीसरा सोमै

१२. सदस्य श्री मिम्श्री बयम्बु

१३. सदस्य श्री खुमीसरा पुलामी

१४. सदस्य श्री रिकलाल कामी

१५. सदस्य श्री खुम बहादुर वि.क.

१६. सदस्य सचिव श्री पूर्ण बहादुर चितौरे

अन्य सहयोगी कर्मचारी

श्री हरि आले

श्री केशरजङ्ग सारु

श्री लाल बहादुर खन्गाहा

मिति २०८२।०८।१५ गते बसेको निस्दी गाउँपालिकाको ९७ औं गाउँ कार्यपालिकाको बैठकको प्रस्तावहरु

१,समिक्षा तथा रिपोटिङ सम्बन्धमा ।

२,काउलेडाँडा व्यवस्थापन सम्बन्धमा ।

३,सामाजिक सुरक्षा कोष सम्बन्धमा

४,विविध ।

मिति २०८२।०८।१५ गते बसेको निस्दी गाउँपालिकाको ९७ औं गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु

१. गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो ।गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयन भएको पाइयो । सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुबाट वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाह साथै विविध विषयको अवस्थाबारे रिपोर्टिङ गर्नुका साथै अन्य विविध विषयमा समिक्षा गरियो ।

२.काउलेडाँडालाई पर्यटकीय स्थलको रुपमा प्रवर्द्धनको लागि देहाय बमोजिमका व्यवस्थापनको काम गर्ने र सो वापतको खर्च गाउँ कार्यपालिका मार्फत उप्लब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

- टंकीमा पानी भर्ने
- चाईनिज दुबो लगाउने
- पार्कमा हिड्ने बाटोमा गिट्टी विछ्याउने
- फोहोर व्यवस्थापनको लागि खाल्डो खन्ने
- आवश्यक ठाउँमा रङ्गरोगन गर्ने
- आवश्यक ठाउँमा सांकेतिक साईन बोर्ड बनाउने
- आवश्यक ठाउँमा भित्ते लेखन साथै काउलेडाँडाको बारेमा संक्षिप्त जानकारी खुल्ने गरी बोर्ड बनाउने
- मगर संग्राहलयमा हुन सक्ने तोडफोडका क्रियाकलाप नियन्त्रणको लागि CCTV जडान गर्ने
- गेट मर्मत गर्ने
- फूल रोपण गर्ने
- नेपालको राष्ट्रिय झण्डा राख्ने
- पार्किङ्गलाई व्यवस्थित गराउने
- आवश्यकता अनुसार भिडभाडको बेला स्वयमसेवक राख्ने

  साथै पाल्पा जिल्ला भित्रबाट आउने पर्यटकहरुको हकमा प्रवेश शुल्कमा ५ प्रतिशत र निस्दी गाउँपालिका भित्रबाट आउने पर्यटकहरुको हकमा १० प्रतिशत छुट दिने सर्वसम्मत निर्णय गरियो ।

३.निस्दी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयमा कार्यरत निवृत्तिभरण प्राप्त गर्ने बाहेकका स्थायी र अस्थायी कर्मचारीहरुको लागि सामाजिक सुरक्षा कोषमा आबद्धताको लागि प्रक्रिया अगाडि बढाउनको लागि आवश्यक जानकारी लिई उक्त जानकारी र व्यवस्थाका आधारमा लागु गर्ने सर्वसम्मत निर्णय गरियो ।

४. देहाय बमोजिम सर्वसम्मत निर्णय गरियो ।

क. यस आ.व. २०८२।०८३ को संघीय विशेष अनुदान प्राप्त स्थायी टनेल निर्माण कार्यक्रम सञ्चालनको लागि आवश्यक **स्थायी टनेल निर्माण कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि,२०८२** पारित गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

ख. **स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि,२०८२** कार्यान्वयन गरी सोही बमोजिम यस स्थानीय तहमा कार्यरत सूचना प्रविधि अधिकृतलाई सेवा सुविधा उपलब्ध गराउनु भनी च.नं.७४,मिति २०८२।०७।१२ को संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मातहतको प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम अन्तर्गतको कार्यक्रम समन्वय इकाईको पत्रानुसार अनुरोध भई आएकोले सोही बमोजिम यस आ.व.२०८२।०८३ को कार्तिक महिना देखि सोही कार्यविधि बमोजिमको सेवा सुविधा सूचना प्रविधि अधिकृत श्री हरि आलेलाई उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

ग. यस आ.व.२०८२।०८३ को गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम यस निस्दी गाउँपालिका वडा नं.२ र ७ मा कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

घ. निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले भाडा सम्झौता गरेको २ वटा Guest Room हटाउने र हलुका सवारी चालक धन बहादुर जर्घाको लागि १ वटा कोठा भाडा सम्झौता गर्ने सर्वसम्मत निर्णय गरियो ।

ङ. देहाय बमोजिमको मिति र स्थानमा एकीकृत घुम्ती शिविर सञ्चालन गर्ने र सो बारे सूचना जारी गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र.सं. | मिति | स्थान | समय |
|---|---|---|---|
| १ | २०८२।०८।२८ | १ नं. वडा कार्यालय,बाकामलाङ | बिहान ९ बजे देखि साँझ ५ बजे सम्म |
| २ | २०८२।०८।२९ | २ नं. वडा कार्यालय,सहलकोट | |
| ३ | २०८२।०९।०१ | ३ नं. वडा कार्यालय,झिरुवास | |
| ४ | २०८२।०९।०२ | ४ नं. वडा,मूढाबास | |
| ५ | २०८२।०९।०३ | ५ नं. वडा कार्यालय,गल्धा | |
| ६ | २०८२।०९।०४ | ६ नं. वडा कार्यालय,अर्चले | |
| ७ | २०८२।०९।०६ | ७ नं. वडा कार्यालय,ज्यामिरे | |

च.यस निस्दी गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत सब-ईन्जिनियर कोमान सिंह सुनारीको रामपुर नगरपालिकामा सरुवा भई जान सहमतिका लागि निवेदन माग भई आएकोले निजलाई सरुवा सहमति दिने र सुनछहरी गाउँपालिकामा कार्यरत अ.न.मी. समिता तामाङको यस गाउँपालिकामा सरुवा भई आउन सहमतिका लागि निवेदन माग भई आएकोले निजलाई पनि सरुवा सहमति दिने सर्वसम्मत निर्णय गरियो ।

छ. यस निस्दी गाउँपालिका वडा नं. १ अन्तर्गत रहेको ११,८८० घन मिटर उत्खन्न योग्य नदिजन्य पदार्थ रहेको भोटाहा घाट ( सिमल रुख माथिको क्षेत्र ) र वडा नं. २ अन्तर्गत रहेको ३४३२ घन मिटर उत्खन्न योग्य नदिजन्य पदार्थ रहेको कोदार खोला दोभानको लागि IEE रिपोर्टका आधारमा आय ठेक्का खोल्ने सर्वसम्मत निर्णय गरियो ।